"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
FN 30
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :-

## मतदाता नामावली अध्यावधिक गर्ने कार्यको लागी धरान उप महानगरपालिकाको सार्वजनिक सूचना

मतदाता नामावली सम्बन्धी ऐन २०७३ को दफा ६ बमोजिम मतदाता हुन योग्यता पुगेका व्यक्तिहरुको तयार भएको फोटो सहितको मतदाता नामावलीमा आफ्नो नाममा कुनै त्रुटी भए सो त्रुटी सच्याउन,दोहोरो नाम समावेश भएको भए दोहोरो नाम हटाउन, मतदाताको मृत्यु भएको भए मतदाता नामावलीबाट नाम हटाउने कार्य (वडा नं.१ देखि २० सम्मका वडाहरुको) धरान उपमहानगरपालिकाबाटै हुने भएको हुदा कोही कसैको मतदाता नामावलीमा कुनै त्रुटी भएमा सो त्रुटी सच्याउन,दोहोरो नाम समावेश भएको भए दोहोरो नाम हटाउन, मतदाताको मृत्यु भएको भए मतदाता नामावलीबाट नाम हटाउन सम्बद्ध प्रमाण सहित अनुसुची ३ बमोजिमको निवेदन सहित धरान उप महानगरपालिकामा आउनु हुन सबै वडाबासीहरुमा हार्दिक अनुरोध सहित सर्व साधरण सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### मतदाता नामावली अद्यावधिक गर्ने (दावी विरोध समेत ) कार्यक्रम २०७७

| सि.नं. | क्रियाकलाप | देखि | सम्म | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७७।१०।१५ गते | | विहान १० बजे | नगरकार्यपालिकाको कार्यालय |
| २ | मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नाम समावेश गरेको भए सोको उजुरी दिने | २०७७।१०।१६ | २०७७।१०।१७ | विहान १० बजे देखि बेलुकी ५ बजे सम्म | नगरकार्यपालिकाको कार्यालय |
| ३ | त्रुटी सच्याउन निवेदन दिने | २०७७।१०।१६ | २०७७।१०।१७ | विहान १० बजे देखि बेलुकी ५ बजे सम्म | नगरकार्यपालिकाको कार्यालय |
| ४ | एकै स्थानीय निकायमा कुनै मतदाताको नामावली एक भन्दा बढी स्थानमा भएमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | २०७७।१०।१६ | २०७७।१०।१८ | विहान १० बजे देखि बेलुकी ५ बजे सम्म | नगरकार्यपालिकाको कार्यालय |
| ५ | मृत्यु भएका वा नागरिकता त्याग गरेका व्यक्तिको नाम मतदाता नामावली बाट हटाउन सुचना दिने | २०७७।१०।१६ | २०७७।१०।१८ | विहान १० बजे देखि बेलुकी ५ बजे सम्म | नगरकार्यपालिकाको कार्यालय |

सहायक नाम दर्ता अधिकारी
धरान उप महानगरपालिका